# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
# Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)

## प्रेश विज्ञप्ति

### स्पष्ट गरिएको सम्वन्धमा

हाले एक अनलाईन संचार माध्यममा वोर्डका अध्यक्ष डा. रेवत वहादुर कार्कीले आर्थिक अनियमितता गरेको भन्ने कपोलकल्पित तथा नियोजित समाचार प्रकाशित भएकोमा यस सम्वन्धमा वोर्डको गम्भिर ध्यानाकर्षण भएको छ ।

उक्त समाचारमा वोर्ड अध्यक्ष डा. कार्कीले १८ औं टोकियो सेमिनार अन सेक्युरिटिज मार्केट रेगुलेसनमा भाग लिई वोर्डवाट ६ लाख रुपैंया लिएको भनी उल्लेख भएकोमा उक्त समाचार पूर्ण रुपमा कपोलकल्पित तथा झुट्टा रहेको र उहाँले उक्त समाचारमा उल्लेख भए बमोजिम वोर्डवाट कुनै आर्थिक लाभ नलिएको व्यहोरा स्पष्ट पारिन्छ । यस सम्वन्धमा सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दर्ता भएको उल्लेख भएकोमा सम्वन्धमा सम्मानित आयोगले छानवीन गरी सत्य तथ्य वाहिर आउने नै छ ।

यसै गरी वोर्ड अध्यक्ष उजुरी परेको थाहा पाएर अमेरिका जाने तयारीमा रहेको र असोज ४ गते देखि कार्यालय विदामा तयारीमा रहेको भन्ने लगायतका समाचार उल्लेख भएकोमा कसैको पनि व्यक्तिगत वा अन्य सम्वन्धमा समाचार प्रकाशित गर्दा सम्वन्धित/आधिकारिक पक्षको समेत भनाई राख्नु पर्ने सामान्य सिद्धान्त विपरित एकतर्फी ढंगले समाचार प्रकाशित गर्दा पाठकमा सिर्जना हुन सक्ने भ्रम, सम्वन्धित व्यक्तिको सामाजिक जिवनमा पर्न सक्ने प्रभाव र गलत समाचार संप्रेशणवाट स्वयं संचार माध्यमको विश्वसनियतामा समेत असर पुग्न सक्ने हुनाले समाचार संप्रेशण गर्दा त्यसको सत्य तथ्यतर्फ समेत ध्यान दिन वोर्ड सम्वन्धित सवैमा अनुरोध गर्दछ ।

साथै वोर्डको हरेक कामकारवाही अत्यन्त पारदर्शी रहेको र वोर्डका आर्थिक लगायत हरेक गतिविधिको सम्वन्धमा कसैले पनि वुझ्न वा जानकारी लिन चाहेमा प्रचलित कानुन वमोजिम वोर्डले उपलब्ध गराउने व्यहोरा समेत जानकारी गराईन्छ ।

मिति: २०७६।०६।०१

(निरज गिरी)
प्रवक्ता